# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १७ | २०७७ फाल्गुण ७ गते | विक्री मुल्य रु. ०।००


## भाग ३


स्थानीय सरकार

**विदुर नगरपालिका**

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल


*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।११।०६*

# विदुर नगरपालिकाको लैगिंक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७

# लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड २०७७

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल,सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली,२०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धि मापदण्ड,२०७६ को अधिन एवं स्थानिय सरकार ऐन २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विदुर नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड,२०७७ तयार गरिएको छ ।

**१)संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम विदुर नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन, मापदण्ड २०७७ रहने छ ।

(ख) यो मापदण्ड विदुर नगरपालिकाको प्रमुख ज्यूबाट प्रमाणीकरण भएपछि लागु हुनेछ ।

**२).परिभाषा**

**विषय र प्रसंग अर्को अर्थ नलागेमा यस मापदण्ड**

क) "कार्यालय " भन्नाले विदुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्ने छ ।

ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्ने छ ।

ग) "पीडित" भन्नाले लैगिंक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

घ) "कोष संचालन समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्दछ ।

ङ) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजि जीवनमा लिंगको आधारमा कसै प्रति शारीरकि,यौन जन्य वा मानसिक क्षति वा पिडा जन्य धम्कीपूर्ण व्यवहार दबाब करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च) कोष संचालन समिति भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :**

(१) लैंगिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्धार गर्न,राहत र पुनःस्थापना गर्ने काम समेतका लागि विदुर नगरपालिकाले एक हिंसा निवारण कोष खडा गर्नेछ ।

(२) कोषमा देहायबमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) विदुर नगरपालिकाबाट प्राप्त रकम

(ख) संघीय सरकारबाट प्राप्त हुने रकम

(ग) प्रदेश सरकारबाट प्राप्त हुने रकम

(घ) अन्य श्रोत बाट प्राप्त रकम

(३) उपनियम १ बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

**४ . कोषमा रकम जम्मा गर्ने :** विदुर नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्न,
(ख) पीडितलाई औषधि उपचार गर्न,
(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,
घ) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न
(घ) कानुनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोविर्मश प्रदान गर्न,
(ङ.) कुनै व्यवसाय गर्नको लागि वीउ पुँजीको रुपमा प्रदान गर्न,
(च) पीडित र प्रभावितका पुर्नस्थापना गराउन,
(छ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालन समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :**

१) विदुर नगरपालिकाले कोष परिचालन समिति गठनगरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

२) कोष संचालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

क) पीडितलाई तत्काल उद्धार,औषधि उपचार ,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णय गरी रु.२५००।-नबढ्नेगरी मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता हेरी आधारमा प्रति व्यक्ति बढीमा २५००।-रुपैंया

ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविर्मशका लागि १००००।- रुपैयामा नबढने गरी लागेको लागेको यर्थाथ खर्च

घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्चबापत प्रतिदिन रु. ५००।- र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैंयाको दरले लागेको यथार्थ खर्च रकम,

ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्नेभए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च बापत प्रति दिन ५००।- रुपैया अस्पतालमा बस्ने व्यवस्था बाहिर बस्नुपरेमा बास खर्च बापत प्रतिदिन ५००।- रुपैंया र उपचार खर्चको यर्थाथ खर्च रकम ,

च) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा ................ रुपैया,

**८.राहत तथा आर्थिक सहयोग प्राप्त निवेदन दिनु पर्ने :**

१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार मनासिब आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्नेछ ।

४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**९.कोष परिचालन समितिको गठन :**

(९.१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि देहाय बमोजिम एक कोष संचालन समिति रहनेछ ।

क) नगर उपप्रमुख : अध्यक्ष

ख) प्रमुख प्रशासकिय अधिकृत : सदस्य

ग) सामाजिक विकास समिति संयोजक : सदस्य

घ) इलाका प्रहरी कार्यालय : सदस्य

ङ) नगरसभा सदस्य २ जना महिला : सदस्य

च) लैंगिक हिंसा निवारणका क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी सस्थामध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना : सदस्य

छ) आर्थीक प्रशासन शाखा प्रमुख : सदस्य

ज) महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी : सदस्य सचिव

(३) कोष संचालन समितिको सचिवालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

(४) समितिमा आवश्यक परेमा अन्य व्यक्ति तथा कर्मचारीलाई पनि आमान्त्रित गर्न सकिनेछ ।

**१०. समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिंसा पीडित तथा प्रभावितको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

ख) लैंगिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभाविका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसंग समन्वय गर्ने ,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

झ ) लैंगिक हिंसा पीडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**११. समितिको बैठक निर्णय :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजक गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्ति निर्णायक मत दिनेछ ।

च) समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ।

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**<u>१२.खाता सञ्चालन :</u>**

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

ख) उपदफा क) बमोजिम खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**<u>१३.कोषको लेखा र लेखा परिक्षण :</u>** कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**<u>१४.कोषको रकम फ्रिज नहुने :</u>** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**<u>१५.प्रतिवेदन पेश गर्ने :</u>**

१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिम वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिका पेश गर्नु पर्नेछ ।

२) उपदफा क) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्ने छ ।

**<u>१५.बैठक भत्ता :</u>**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिका तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

**<u>१६.कोषको सचिवालय :</u>** कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालय रहनेछ ।

**<u>१७.अभिलेख राख्ने :</u>** समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**<u>१८.निर्देशन दिन सक्ने :</u>**

क) नगरकार्यपालिकाले समितिको कामकारबाहीको सन्र्दभमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिका दिएको निर्देशन पालानागर्नु समितिको कर्तव्य हुनेछ ।

**१९.अधिकार प्रत्योजन :**

समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्योजन गर्न सक्नेछ ।

**२०.कोष खारेज हुने सक्ने :**

क) कुनै कारणबस कोष संचालन गर्न आवश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सक्नेछ ।

ख) उपदफा क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

प्रमाणीकरण मिति : २०७७/११/०७

आज्ञाले

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत